कानुन अन्वेषण तथा
स्रोत विकास केन्द्र (सेलर्ड)

# वार्षिक प्रतिवेदन

## २०६५-०६६

**सेलर्डको वार्षिक प्रतिवेदन (२०६५/६६)**

**प्रकाशक** : कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)
पो.ब.नं. ६६१८, काठमाडौं, नेपाल
फोन : ९७७-०१-२०४२२६८, ४४८३७०६
फ्याक्स : ९७७-०१-४४८३७०४
E-mail: info@celrrd.org, Website: www.celrrd.org

**सर्वाधिकार** : सेलर्ड

**प्रकाशन मिति** : २०६६, कात्तिक

# विषयसूची


पृष्ठभूमि ........................................ ५

१. संविधानसभा सहयोग सञ्जाल (कोकास) दोस्रो चरणको संक्षिप्त क्रियाकलाप ........................ ६

२. कानुनी शासन सबलीकरण कार्यक्रम अन्तर्गत अदालत सन्निहित मेलमिलाप कार्यक्रम ........................ ८

३. सामुदायिक मेलमिलाप (मध्यस्थता) कार्यक्रम ........................ ११

४. न्यायमा पहुँच अन्तर्गत सामुदायिक मेलमिलाप कार्यक्रम ........................ १६

५. न्यायक्षेत्र सहयोग कार्यक्रम ........................ १७

६. मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण कार्यक्रम ........................ २०

७. पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयन ........................ २४

८. संस्थाको प्रशासनिक एवम् संरचनात्मक स्वरुप ........................ २५

९. भावी कार्यक्रमहरू ........................ २७

१०. आर्थिक वर्ष २०६५/६६ को संक्षिप्त आर्थिक विवरण ........................ २८

# पृष्ठभूमि

विगतमा झैं गत आर्थिक वर्ष २०६५/६६ मा कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ले उल्लिखनीय उपलब्धि हासिल गरेको छ। सेलर्ड २०५५ साल बैशाख २१ गते स्थापना भएदेखि हालसम्म विधानमा उल्लिखित उद्देश्य प्राप्तिको लागि क्रमशः कार्य गर्दै आएको यस संस्थाले यस वर्षदेखि रणनीतिक कार्ययोजना (Strategic Planning) २००९–२०१३ बनाएर विधिवत र संस्थागतरुपमा लागू गरी सोही बमोजिम यो आर्थिक वर्षमा कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। एक मुनाफारहित राष्ट्रिय गैह्र सरकारी सामाजिक संस्थाको रुपमा कार्यरत यो संस्थाले गत वर्षदेखि कानुनी शिक्षा प्राप्तिको लागि सञ्चालन गरेको छात्रवृत्ति योजनाबाट यो वर्ष पनि केही विद्यार्थीहरु लाभाविन्त हुने अवसर पाएका छन्। यो संस्था नागरिकहरूको हक एवम् अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्नका लागि कार्यरत रहेको हुँदा यसलाई अझ व्यवस्थित र योजनाबद्धरुपमा सञ्चालन गर्नको लागि निर्माण गरिएको रणनीतिक कार्ययोजनाले आगामि दिनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ।

गत आर्थिक वर्षमा यस संस्थाबाट गरिएका विभिन्न परियोजना तथा अन्य कार्यहरुको संक्षिप्त प्रगति प्रतिवेदन संस्थाको तर्फबाट प्रस्तुत गरिएको छ। विगतमा झैं यस वर्ष पनि संस्थाको कार्यगत समिक्षा गर्दा सन्तोषप्रद र उपलब्धिमूलक देखिएको छ। विगतको तुलनामा संस्थागत प्रगतिलाई हेर्दा यस संस्थाले आफ्नो पुरानो छविलाई परिमार्जन गर्दै नयाँ स्वरुपमा विभिन्न कार्यगत क्षेत्रहरुमा राम्रो गति लिन लागेको देखिन्छ। तथापि केही स्थानमा सञ्चालनमा रहेको कार्यक्रमको प्रगति उल्लिखनीय नभएको र केही स्थानमा कार्यक्रमहरुको पहिलाको उपलब्धिमाथि नै प्रश्न चिन्ह लाग्ने गरी कार्यक्रमको स्तर खस्केको पनि देखिन्छ, जस्को वास्तविकता पत्ता लगाई त्यसमा आवश्यक सुधार गर्न संस्थाले केन्द्रीय स्तरमा नै पहल गर्नुपर्ने बेला आएको स्पष्ट छ। यसरी केही परिस्थितिजन्य अप्ठ्यारो आएको जानकारी गराउँदै गत आर्थिक वर्षमा भए गरिएका निम्न कार्यक्रमहरूको प्रगति विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु :

# १. संविधानसभा सहयोग सञ्जाल (कोकास) दोस्रो चरणको संक्षिप्त क्रियाकलापः

संविधानसभा निर्वाचन प्रक्रियामा नागरिक तथा मतदाता शिक्षा नेपालभर लागू गर्ने उदेश्यले **"संविधानसभा सहयोगका लागि ऐक्यवद्धता"** नामक सञ्जालको गठन सन् २००६ जनवरीमा भएको थियो। कोकास एउटा सामाजिक संस्थाहरूको सञ्जाल हो। यसमा जम्मा ८ वटा सामाजिक संस्थाहरूको सहभागिता रहेको छ। जसमा कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), जनहित संरक्षण मञ्च (प्रो पब्लिक), महिला कानुन तथा विकास मञ्च (एफ डब्ल्यू एल डी), सुशासन तथा विकास प्रतिष्ठान (आई जी डी), दलित महिला संघ (फेडो), विदेह फाउण्डेशन, र व्याकवार्ड सोसाईटी (बेस) सम्लग्न छन भने द एशिया फाउण्डेसनले आर्थिक सहयोग गरेको छ। कोकास दोस्रो चरणको कार्यक्रमको मुख्य उद्देश्य देशभरी बसोवास गर्ने सीमान्तकृत समुदायको पहिचान गरी उनीहरूका हक अधिकारप्रति चेतना जागरण गरी नेपाली जनताद्वारा निर्माण हुन लागेको संविधानमा त्यस्ता समुदायको हक अधिकारलाई कसरी सुनिश्चित गराउन सकिन्छ भन्ने थियो। जुन उद्देश्य परिपूर्तिका लागि कोकोस दोस्रो चरणको कार्यक्रम अन्तर्गत मिति २०६५ साल जेठ १९ गते द एशिया फाउण्डेसनसँग सम्झौता गरी निम्न अनुसारका कार्यक्रम सञ्चालन भएका छन। सेलर्डले यस वर्ष सम्पन्न गरेका कार्यक्रम र यसको उपलब्धि निम्नबमोजिम रहेको छः

**क)** **Community Mapping तथा छनौटः** यस अन्तर्गत सेलर्डले देशका ७५ जिल्लामा बसोवास गर्ने सीमान्तकृत समुदायको पहिचान गरी प्रत्येक जिल्लाका २० वटा गाविसहरू छनौट गरेको थियो, जसमा सीमान्तकृत समुदायको बसोवासको बाहुल्यता थियो। त्यसरी गाविस छनौट गर्दा सीमान्तकृत समुदायको सामाजिक आर्थिक अवस्था, जनघनत्व आदिलाई आधार मानिएको थियो र छनौट गर्नु अगाडि सीमान्तकृत समुदायका नेता, स्थानीय सामाजिक संघसंस्था, राजनीतिक दलका प्रतिनिधि र जिल्ला स्थित सरकारी अधिकारीसँग छलफल गरिएको थियो। यसरी छनौट गरिएका जिल्लाहरूमा सेलर्डको जिम्मेवारीमा पूर्वाञ्चल विकास क्षेत्रका सिराह र सप्तरी बाहेकका १४ जिल्लाहरू परेका थिए। यी १४ जिल्लामा कार्यक्रम सञ्चालन गर्नका लागि सेलर्डले उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा Cluster Office स्थापना गरी कार्यक्रम सञ्चालन गरेको थियो।

**ख)** **Cluster Level प्रशिक्षक प्रशिक्षण तथा जिल्ला स्तरीय सहजकर्ता प्रशिक्षणः** Custer Office को स्थापना पछि Custer Office मार्फत प्रत्येक जिल्लाबाट २ जनाका दरले सहभागी गराई ३ दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भयो। जसमा १४ जिल्लाका २/२ जना गरी जम्मा २८ जना प्रशिक्षार्थीको सहभागिता थियो। यसरी प्रशिक्षित प्रशिक्षार्थीहरूले सम्बन्धित जिल्लामा गई प्रत्येक जिल्लाबाट १० जनाका दरले सहभागी गराई १४ जिल्लामा १०/१० जना गरी जम्मा १४० जनालाई सीमान्तकृत समुदायको हक अधिकारका सम्बन्धमा चेतना जगाउनको लागि के गर्न सकिन्छ भन्ने सम्बन्धमा जिल्ला स्तरीय सहजकर्ता प्रशिक्षण सञ्चालन गरी जिल्लामा कार्यालय समेत स्थापना समेत गरिएको थियो।

**ग)** **नागरिक शिक्षा तथा सामुदायिक घोषणपत्र निर्माणः** जिल्ला स्तरीय सहजकर्ता प्रशिक्षण प्राप्त प्रशिक्षार्थीहरूले छनौट गरिएका जिल्लाका २० वटा गाविसहरूमा हरेकमा आधा/आधा दिनको छलफल भेला गरेका थिए। छलफलमा संविधानसभामार्फत निर्माण हुने संविधानको प्रक्रिया र नागरिकका अधिकारको सुनिश्चितताको अवसरको विषयमा चेतना जगाउन आवश्यक अन्तर्क्रिया भएको थियो।



*संखुवासभामा सञ्चालित नागरिक शिक्षाका सहभागीहरु*

त्यसको २ हप्ता पछि सोही प्रकारको भेलाको आयोजना गरिएको थियो भने सो भेलाले सामुदायिक घोषणापत्र निर्माण गरेको थियो। यसरी १४ जिल्लाहरुबाट २०/२० वटा गरी जम्मा २८० सामुदायिक घोषणापत्रहरु तयार भएपश्चात ती सबै घोषणपत्रहरुलाई समेटी प्रत्येक जिल्लाको लागि १/१ घोषणापत्र निर्माण गरी २८० सामुदायिक घोषणापत्रलाई १४ वटा जिल्ला घोषणापत्रहरुका रुपमा तयार गरिएको थियो।

घ) **डकुमेन्ट्री निर्माणः** सेलर्डको जिम्मेवारीमा परेका मोरङ्ग, उदयपुर र पाँचथर गरी ३ जिल्लाबाट कोकासको सहयोगी संस्था महिला कानुन तथा विकास मञ्चले निर्माण गर्ने डकुमेन्ट्रीको लागि समुदायमा छलफल भएको कार्यक्रमहरु सिडीमा उपलब्ध गराई कोकासको सबै कार्यक्रमहरुको एउटा डकुमेन्ट्री समेत निर्माण गरिएको थियो।

ङ) **मस्यौदा संविधान निर्माणः** कोकाससँग सहकार्य गर्ने सबै संस्थाले निर्माण गरेका जिल्ला घोषणापत्रको आधारमा राष्ट्रिय घोषणापत्र तयार भएको थियो। त्यही राष्ट्रिय घोषणापत्रको आधारमा सीमान्तकृत तथा पछाडि पारिएको वर्ग समुदायको हक अधिकारलाई अब बन्ने संविधानमा कसरी समावेश गर्न सकिन्छ भनी मस्यौदा संविधान निर्माण गर्ने जिम्मेवारी सेलर्डले लिएको थियो। उक्त कार्य सम्पादन गरी सेलर्डमा मस्यौदा प्रति बुझाउनका लागि स्रोत व्यक्ति अधिवक्ताद्वय गीता पाठक संग्रौला र प्रकाशमणी शर्मालाई करारद्वारा जिम्मेवारी प्रदान गरी उहाँहरुको सम्लग्नतामा मस्यौदा निर्माण गरियो। यसरी तयार भएको प्रारम्भिक मस्यौदामा आवश्यक विज्ञ राय (Expert Orpinion) तथा भाषा सम्पादन र सुधार समेत गर्नका लागि प्रशासनिक अदालतका अध्यक्ष श्री काशीराज दाहाललाई करारद्वारा जिम्मेवारी दिई, उहाँबाट प्राप्त सुझाव, राय र सुधारलाई समेत समायोजन गरी मस्यौदा संविधानलाई अन्तिम स्वरुप प्रदान गरिएको थियो। यसरी तयार गरिएको मस्यौदा प्रकाशित भई हाल संविधानसभाका मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, संवैधानिक समिति, सिमान्तकृत वर्ग, समुदायको हकअधिकार संरक्षण समिति, राज्यको पुर्नसंरचना र राज्यशक्तिको बाँडफाँड समिति तथा विभिन्न राजनीतिक दलहरुसँग छलफलको क्रममा रहेको छ।




*मस्यौदा संविधानमाथि छलफल गर्दै संविधानसभाका सदस्यहरु*

**च) यस कार्यक्रमका उपलब्धिहरू:**

- धेरैवटा संस्थाको सहकार्यबाट यो कार्यक्रम सञ्चालन भएकोले सहकार्यमा विश्वास बढेको छ ।
- देशभरीमा कुन जातजाति तथा समुदायको बसोवास कहाँ छ भन्ने कुरा प्रष्ट चित्र कोरिएको छ ।
- क्षेत्रीय स्तरमा २८ जना र जिल्ला स्तरमा १४० जना प्रशिक्षक बनेका छन भने १४ वटा जिल्लामा प्रत्येक जिल्लामा सम्पन्न २० वटा (हरेक कार्यक्रमा कम्तीमा ५० जना सहभागी) नागरिकशिक्षा तथा हकअधिकार सम्बन्धी चेतनामूलक कार्यक्रमले प्रत्यक्ष रुपमा १४,००० स्थानीय जनता लाभान्वित भएका छन ।
- सीमान्तकृत समुदायका हकअधिकारलाई संरक्षण गर्ने सवालमा मस्यौदा संविधान निर्माण भएको छ ।
- सम्बन्धित समुदायका आवाजहरु प्रत्यक्षरुपमा मस्यौदा संविधानमार्फत संविधानसभा तथा त्यसका सभासदहरु समक्ष पुगेको छ ।
- नयाँ संविधान निर्माण प्रक्रियामा कोकासले ठूलो योगदान पुऱ्याएको देखिन्छ ।

## २. कानुनी शासन सबलीकरण कार्यक्रम अन्तर्गत अदालत सन्निहित मेलमिलाप कार्यक्रम :

न्यायमा सबैको पहुँच स्थापना हुनुपर्दछ भन्ने मान्यतालाई मूर्तरूप दिन राज्यले अदालत र केही अर्धन्यायिक निकायहरूको व्यवस्था गरेको छ । राज्यले स्थापना गरेका औपचारिक निकायहरूबाट हुने मुद्दाको फैसलाले वास्तविक विवाद समाधानको स्थान ग्रहण गर्न सक्दैन । विवादको जरैदेखि समाधान भएमा मात्र विवादको वास्तविक समाधान भएको मान्न सकिन्छ, अदालतबाट भएका फैसलाहरूबाट दुबैपक्षले जितेको महसुस

बिरलै हुन्छ। दुवैपक्षलाई झगडाको परिणाम सम्झाई बुझाई मिलापत्र गर्न लगाउने प्रक्रिया हाम्रा अदालतमा सामान्य छ र यसबाट दुवैपक्षको चित्त बुझ्दो समाधान निकाल्न केही हदसम्म मद्दत पुगेको छ अन्तर्राष्ट्रियरूपमा मान्यता प्राप्त विधिलाई हामीले आत्मसात नगरी परम्परावादी बन्नु हुँदैन भन्ने तथ्यलाई हाम्रो सर्वोच्च अदालतले महसुस गरेर नै नियमावलीमार्फत २०६० सालमा नै न्यायमा सबैको पहुँच स्थापना हुनुपर्दछ भन्ने मान्यतालाई मूर्तरूप दिन अदालतहरुमा पनि मेलमिलापबाट विवादको समाधान गर्ने प्रक्रियाको थालनी भएको छ। विगत २०६४ साल देखि सर्वोच्च अदालत, पुनरावेदन अदालत ललितपुर र २०६५ साल देखि दोलखा, ललितपुर र काभ्रे जिल्लाका जिल्ला अदालतहरुमा अदालत सन्निहित मेलमिलाप केन्द्रहरु स्थापना गरी अदालत प्रेषित मेलमिलाप कार्यक्रमलाई अगाडि बढाईएको छ। यसै कार्यलाई मूर्तरूप दिन संस्थाले द एशिया फाउण्डेशनको सहयोगमा निम्न कार्यक्रम सञ्चालन गरी सोही अनरुप उपलब्धि समेत हासिल गरेको छः

**क)** **कार्यक्रमको आवश्यकता पहिचानः** यस कार्यक्रम अन्तर्गत गत साउन २०६५ मा कार्यक्रम थप भएका काभ्रेपालञ्चोक, दोलखा र ललितपुर जिल्लामा अदालत सन्निहित मेलमिलाप केन्द्र स्थापनार्थ आवश्यकता पहिचान गरिएको थियो। सुरुआतमा भक्तपुर जिल्ला अदालत कार्यक्रमको लागि छानीएकोमा मेलमिलाप कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने कोठाको अभाव जस्तो सामान्य भौतिक व्यवस्थापनको कमीले गर्दा सो कार्यक्रम काभ्रेपालाञ्चोक जिल्लामा सारिएको थियो।

**ख)** **मेलमिलाप आधारभूत तथा उच्च तालिम निर्देशिकाको निर्माणः** यस कार्यक्रम अर्न्तगत अदालतमा आवश्यक पर्ने मेलमिलापकर्ताहरुको निर्माणको लागि तालिम आवश्यक हुने भएकोले सर्वोच्च अदालतले तोकेको मापदण्ड पूरा हुनेगरी यस संस्थाबाट आधारभूत तालिम निर्देशिकाको निर्माण गरिएको थियो, जुन निर्देशिकालाई सर्वोच्च अदालतको मेलमिलाप समितिले मान्यता प्रदान गरी स्वीकृत दिई आधिकारिता प्रदान गरेको छ। यसै निर्देशिकालाई प्रयोग गरी राष्ट्रिय न्यायिक प्रतिष्ठानले प्रशिक्षण सञ्चालन गरेको छ। साथै यो आर्थिक वर्षमा उच्च तालिम निर्देशिका निर्माण कार्य सकिएको छ।

**ग)** **मेलमिलाप केन्द्रको स्थापनाः** दोलखा, ललितपुर र काभ्रेपालाञ्चोक जिल्ला अदालतहरुमा अदालत सन्निहित मेलमिलाप केन्द्र स्थापना गरी अदालत सन्निहित मेलमिलाप कार्यक्रमलाई अगाडि बढाईएको छ। हाल ती जिल्ला अदालतहरुमा साधन सम्पन्न मेलमिलाप कक्ष र मेलमिलाप कार्यालयहरु सञ्चालनमा रहेका छन् र यसका लागि संस्थाले आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्दै आएको छ।




*ललितपुर जिल्ला अदालतस्थित मेलमिलाप केन्द्रको उद्घाटन समारोहका अतिथि एवं सहभागीहरु*

**घ) मेलमिलाप अभिमुखीकरण कार्यक्रमः** अदालत सन्निहित मेलमिलाप कार्यक्रम सञ्चालन भएका सबै अदालतहरुमा एक दिने मेलमिलाप अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । सो अभिमुखीकरण कार्यक्रमहरु मेलमिलापलाई प्रयोग गर्ने वातावरणको निर्माणका लागि जिल्ला अदालतका कर्मचारी तथा सोसँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई प्रदान गरिएको थियो ।

**ङ) मेलमिलाप प्रगति प्रतिवेदन सङ्गालो प्रकाशितः** अदालतमा अदालत सन्निहित मेलमिलाप कार्यक्रम सञ्चालन भएपछि मेलमिलाप भएका सफलतम प्रयोगहरुको विवादको विवरण र सोमा मेलमिलाप प्रक्रियाबाट भएको विवाद समाधानहरु सहितको प्रतिवेदनहरुको सङ्गालो निर्माण गरी सो प्रकाशन गरिएको थियो । यसमा मेलमिलापकर्ताहरुको अनुभव, समस्याहरु तथा त्यसका समाधान र प्रेषित गरेका विवादहरुको विवरणका बारेमा उल्लेख गरिएको छ ।

**च) कानुनी सहायता सञ्जालको निर्माण तथा आचारसंहिताको अनुमोदनः** यस कार्यक्रम अर्न्तगत कानुनी सहायता सर्वपक्षीय समन्वय मञ्च (Legal Aid and Concern Parties' Coordination Forum) को स्थापना भएको छ। यसमा कानुनी सहायता कार्यक्रम सञ्चालन गरेका संघ संस्थाहरुको सहभागिता रहेको छ। यस सञ्जालले विभिन्न समयमा बैठकहरु आयोजना गरी आफ्ना लागि आचारसंहिताको निर्माण गरी सो को अनुमादन गर्ने निर्णय गरेको थियो र सो बमोजिम हाल **निःशुल्क कानुनी सेवाकर्मीको आचारसंहिता, २०६५** तयार भई सम्बन्धित सबैको जानकारीका लागि पठाई सकिएको छ ।

**छ) मेलमिलाप केन्द्रमा पठाईएका विवादहरुको विवरणः**

अदालतबाट प्रेषित जम्मा विवाद ५४१




**ज) उपलब्धिहरुः**

- तीन वटा अदालत सन्निहित मेलमिलाप केन्द्रको स्थापना र सञ्चालन
- सर्बोच्च अदालत मेलमिलाप समितिको आग्रह बमोजिम मेलमिलाप प्रशिक्षणको लागि Module निर्माण
- सर्वोच्च अदालतबाट स्वीकृत भई लागू भएको मेलमिलापको लागि आधारभूत प्रशिक्षण पाठ्यक्रम अनुरूप मेलमिलाप आधारभूत प्रशिक्षण निर्देशिका र उच्च प्रशिक्षण निर्देशिकाको निर्माण

- सोही निर्देशिका अनुरुप राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट ३ वटा आधारभूत प्रशिक्षण तथा २ वटा उच्च प्रशिक्षण सम्पन्न
- कानुनी सहायता सञ्जालको निर्माण
- कानुनी सहायता उपलब्ध गराउने संघ संस्थाका लागि कानुनी सहायताको लागि आचारसंहिता निर्माण ।
- अदालतका कर्मचारी तथा सरोकारवालाबीच मेलमिलापसम्बन्धी अभिमुखीकरण सम्पन्न ।
- ५४१ विवादहरु अदालत मेलमिलाप केन्द्रमा प्रेषित र ७५ वटा विवाद (मुद्दाहरु) को सफल समाधान ३४ वटा हालसम्म मेलमिलापको प्रक्रियामा रहेको छ ।
- मुद्दाका पक्षहरुमा अदालतमा विवादको समाधान मेलमिलापबाट पनि हुन्छ भन्ने कुराको जानकारी भएको र त्यसप्रति विश्वास बढ्दै गएकोले मेलमिलाप पद्दति अपनाउनेको सङ्ख्या बढ्दै गएको पाईन्छ ।
- अदालतका कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई मेलमिलाप, यसको महत्व तथा प्रक्रियाहरुका सम्बन्धमा जानकारी गराउन सफल ।
- अदालत सन्निहित मेलमिलाप कार्यक्रमलाई संस्थागतरुपमा सञ्चालन गर्न गराउन प्राविधिक तथा आर्थिक सहयोग गरी विभिन्न अदालतहरुसँग सहकार्य गर्न सफल ।

## ३. सामुदायिक मेलमिलाप (मध्यस्थता) कार्यक्रम :

द एशिया फाउण्डेशनको सहयोगमा यो कार्यक्रम सन् २००३ मा सुरु भई हालसम्म पनि निरन्तररुपमा सञ्चालनमा रहेको छ। यस वर्ष यो कार्यक्रम २००८ अक्टोवर १ बाट सुरु भई २००९ सेप्टेम्बरसम्म बहाल रहने छ। यो कार्यक्रम एउटा निश्चित स्वरुपमा पुगिसकेकोले कार्यक्रमको बजेट लगाएत सहयोगी कर्मचारीहरु समेत घट्दै गईरहेको छ। यो कार्यक्रम सुरुमा केही जिल्लाहरुमा थालनी भएको भए तापनि यसको बढ्दो लोकप्रियता र संस्थाले प्राप्त गरेको सफलताले अहिले विभिन्न दातृ संघसंस्थाहरुको सहयोगमा विभिन्न जिल्लाहरुमा सञ्चालन भईरहेको छ। यस वर्ष यस अन्तर्गत भएका कार्यक्रम तथा तिनका उपलब्धिहरु निम्न रहेका छन्:

**क)** **सामुदायिक मेलमिलाप (मध्यस्थता) सेवाः** हाल यस परियोजना अन्तर्गत नवलपरासी, बाँके तथा कञ्चनपुर जिल्लाका २९ स्थान (गाविस/नपा) मा सामुदायिक मेलमिलाप (मध्यस्थता) सेवा प्रदान भईरहेको छ भने धादिङ जिल्लाको ५ गाविसमा कार्यक्रम सञ्चालन भएकोमा हाल सो कार्यक्रम पूर्णरुपमा समुदायलाई नै हस्तान्तरण भई समुदायबाट नै सञ्चालित छ ।

**ख)** **पुनर्ताजगी प्रशिक्षणः** यस कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा नवलपरासी, बाँके तथा कञ्चनपुर जिल्लाका १३५ जना सामुदायिक मेलमिलापकर्ता (मध्यस्थकर्ता) लाई पुनर्ताजगी प्रशिक्षण प्रदान गर्ने लक्ष्य रहेकोमा १२३ जनालाई प्रदान गरिएको छ। जसमा बाँके जिल्लाको परसपुर र चिसापानी गाविस, नवलपरासीको रामनगर र जमुनिया गाविस तथा कञ्चनपुरको परासन गाविसका मध्यस्थकर्ताहरु सहभागी थिए ।



*नवलपरासीस्थित सामुदायिक मेलमिलापकर्ता पुनर्ताजगी प्रशिक्षणका सहभागीहरु*

ग) **आधारभूत प्रशिक्षण तथा उच्च तालिमः** यस कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा नवलपरासी र बाँके जिल्लामा ५४ जनालाई सामुदायिक मेलमिलापकर्ता (मध्यस्थता) सम्बन्धी आधारभूत प्रशिक्षण प्रदान गर्ने लक्ष्य रहेकोमा ५२ जनालाई अधारभूत प्रशिक्षण तथा उच्च तालिम समेत प्रदान गरिएको छ ।

घ) **समूह मध्यस्थतासम्बन्धी प्रशिक्षणः** यस कार्यक्रम अवधिभर समूह समूहबीचको विवादमा मध्यस्थताको गर्ने सम्बन्धमा २६० जनालाई प्रशिक्षण प्रदान गरिएको छ । यस प्रशिक्षणमा माथि उल्लिखित जिल्लाका सम्पूर्ण स्थानका ५ देखि ६ जनाको दरले मध्यस्थकर्ताहरु सहभागी हुनुहुन्थ्यो ।

ङ) **सामुदायिक शान्ति निर्माण कार्यशाला तथा परामर्श बैठकः** यसै कार्यक्रमबाट १,१०० जनालाई सामुदायिक शान्ति निर्माण कार्यशालामार्फत विवादका सम्बन्धमा जानकारी गराउने काम समेत भएको थियो । कार्यक्रम सञ्चालन भएका सबै स्थानमा करिव ५०० जना राजनीतिक दलका प्रतिनिधि, सामाजका अगुवा व्यक्तिहरुसँग सामुदायिक मेलमिलाप (मध्यस्थता) कार्यक्रमका सम्बन्धमा २ पटक परामर्श छलफल गर्ने कार्य भएको थियो । यो कार्यक्रममा नवलपरासी जिल्लाका सबै स्थान तथा बाँके र कञ्चनपुरका क्रमशः ८ र ४ गाविसमा सञ्चालन भएको थियो ।

परामर्श बैठकबाट निम्न उपलबधीहरु हाँसिल भएका छन्:

- कार्यक्रमप्रति स्थानीय निकाय, राजनीतिक दल र नागरिकसमाजको सकारात्मक दृष्टिकोण निर्माण गर्न थप सहयोग पुगेको ।
- कार्यक्रमका सम्बन्धमा केही मात्रामा सामाजिक बजारीकरण भएको,
- कार्यक्रमको आवश्यक्ता पहिचान भएको
- कार्यक्रमप्रति स्थानीय निकाय, राजनीतिक दल, नागरिकसमाजको उत्तरदायित्व बोध भएको
- गाविस परिषदमा कार्यक्रमको वकालत हुन सक्ने क्षमता र सम्भावनामा वृद्धि भएको

च) **बुलेटिन प्रकाशनः** यस परियोजनाबाट यस अवधिमा तीनवटै जिल्लाबाट २-२ वटा जिल्ला स्तरीय बुलेटिन प्रकाशन गरिएको छ। यसले सम्बन्धित जिल्ला सामुदायिक मेलमिलाप कार्यक्रम अन्तर्गत भएका गतिविधिहरुका सम्बन्धमा सार्वजनिकरुपमा जानकारी गराउन मद्दत पुग्नुको अतिरिक्त यसको सामाजिक बजारीकरण गर्न समेत मद्दत पुगेको छ ।

छ) **मेलमिलापका सम्बन्धमा अन्तरर्क्रिया कार्यक्रम**ः यस परियोजना अन्तर्गत उच्च सरकारी अधिकृत तथा *संविधानसभाका सभासदहरुलाई* सामुदायिक मेलमिलापका सम्बन्धमा हालसम्म गरिएका कार्य र भविष्यमा कस्तो तरिकाबाट यसलाई संस्थागत गर्न सकिन्छ भन्ने सम्बन्धमा जानकारी गराउने उदेश्यले २ वटा अलग-अलग अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन गरिएको थियो ।

उक्त अन्तर्क्रियाबाट सामुदायिक मेलमिलाप कार्यक्रमलाई भएको उपलब्धिहरुः

- कानुन मन्त्रालय, स्थानीय विकास मन्त्रालय, सर्वोच्च अदालत लगायत गाविस महासंघ, जिविस महासंघ एवम् नगरपालिका संघ जस्ता निकायहरुले सस्थागतरूपमा सामुदायिक मेलमिलाप कार्यक्रम र यसका उपलब्धिका सम्बन्धमा जानकारी पाएका
- सामुदायिक मेलमिलाप कार्यक्रमलाई सस्थागत गर्न आवश्यक पर्ने कानुनी संरचना तयार गर्न सरकारी निकायहरुलाई सकारात्मक बनाउन सफल भएको
- सभासदहरु विशेषतः संविधानसभा न्यायप्रणालीसम्बन्धी समितिको सभापति लगायत अन्य सभासद्हरुले मेलमिलाप प्रक्रियालाई स्थायित्व प्रदान गर्न नयाँ संविधानमानै उल्लेख गर्न प्रयत्न गर्ने प्रतिबद्धता जनाएका

ज) **राष्ट्रिय सम्मेलनको आयोजना**ः यसै अवधिमा गत फागुन ६ र ७ गते संस्थाले द दक्षिण एशिया तथा प्यासेफिक क्षेत्रका ६ देश तथा अमेरिका गरी ७ वटा देशका मेलमिलापको क्षेत्रमा कार्य गरिरहेका विशेषज्ञ सहित १५० जना सहभागी भएको मेलमिलापका सम्बन्धमा एक राष्ट्रिय स्तरको सम्मेलन आयोजना गरेको थियो। उक्त सम्मेलनमा सेलर्डलगायत द एशिया फाउण्डेशनका सामुदायिक मेलमिलाप कार्यक्रमका अन्य ४ साझेदार सस्थाहरु रुडुक, सुस, प्रोव्लिक तथा आइजिडिले कार्यक्रम सञ्चालन गरिरहेका कञ्चनपुर, कैलाली, डोटी, डडेलधुरा, बर्दीया, बाँके, नवलपरासी, चितवन, धादिङ्ग, तनहुँ, कास्की, मुस्ताङ, सर्लाही, धनुषा, धनकुटा, मोरङ लगायत १६ जिल्ला तथा काठमाण्डौ स्थित विभिन्न दातृ निकाय तथा संघसंस्थाहरु सहभागी थिए। सो सम्मेलनमा भारत, फिलिपिन्स, मलेशिया, श्रीलङ्का, बाङलादेश, अमेरिका लगायतका बिदेशी तथा नेपाली विज्ञहरुबाट कार्यपत्र प्रस्तुत गरिएको थियो ।




*राष्ट्रिय सम्मेलन समापन समारोहका अतिथिहरु*

**सम्मेलनबाट मेलमिलाप कार्यक्रमलाई भएको उपलब्धिहरु**

- सामुदायिक मेलमिलापको क्षेत्रमा दक्षिण एशिया तथा प्यासेफिक क्षेत्रमा के कस्ता कार्यहरु भई रहेकाछन् भन्ने सम्बन्धी जानकारी प्राप्त भएको ।
- नेपालमा सामुदायिक मेलमिलापलाई संस्थागत गर्न आवश्यक कार्य गर्नुपर्ने बेला भईसक्यो भन्ने सबै जसो निकायहरु (सरकारी, गैरसरकारी तथा दातृ समुदाय) ले महसुस गरेको ।
- उल्लेखनीयरुपमा भन्दा नेपाल तथा नेपाल बाहिरसमेत सामुदायिक मेलमिलापको क्षेत्रमा कार्य गर्ने सेलर्ड एक अगुवा संस्था हो भन्ने तथ्य निर्विवाद स्थापित भएको छ ।

झ) **अक्षयकोष स्थापना:** यस अवधिमा संस्थाले द एशिया फाउण्डेशनको सहयोगमा कार्यक्रम सञ्चालन गरेका ३४ स्थानमा निम्न बमोजिम सामुदायिक मेलमिलाप तथा शान्ति निर्माणका लागि कोष खडागरी निम्न बमोजिम रकम समेत जम्मा गरिएको छ ।

- २४ स्थान (नवलपरासीको १२ गाविस, बाँके ८ गाविस तथा कञ्चनपुरको ४ गाविस) को लागि रू.२,१५,०००/- का दरले रू.५१,६०,०००/- समुदायलाई प्रदान गरिएको छ ।
- ५ स्थान (नवलपरासीको २, बाँकेको २ तथा कञ्चनपुरको १ गाविस) को लागि रू.८५,०००/- का दरले रू.४,२५,०००/- समुदायलाई प्रदान गरिएको छ ।

ञ) **समूह मेलमिलाप प्रशिक्षण:** यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा फरक प्रकृतिको समूहसमूहबीचको मेलमिलापको कार्य गर्दा आवश्यक हुने ज्ञान तथा सोको सीप समेत कार्यरत मेलमिलापकर्ताहरुलाई दिने उद्देश्यले सक्रियरुपमा मेलमिलाप कार्यमा अग्रसर रहनु भएका २७ जना मेलमिलपकर्ताहरुलाई हरेक जिल्लामा समूह मेलमिलाप प्रशिक्षणको आयोजना गरियो । यसरी समूह मेलमिलाप प्रशिक्षण सञ्चालन गर्दा विभिन्न गाविसहरुबाट सक्रिय र धेरै विवादमा मेलमिलापकर्ताको भूमिका निर्वाह गर्नुभएका मेलमिलपाकर्ताहरु जम्मा गरी २७/२७ जनाको प्रशिक्षण गरिएको थियो । प्रशिक्षणबाट  कार्यक्रम लागू भएको जिल्लाहरुमा जम्मा १३५ जना मेलमिलापकर्ताले समूहसमूहबीच भएका विवादहरुको मेलमिलाप गर्ने गराउने सम्बन्धी सीप र यस सम्बन्धी ज्ञान हासिल गरेका थिए ।

ट) **विवाद समाधानको अवस्था:** हाल यस परियोजना अन्तर्गत ३ जिल्लामा भएका विवाद समाधानको अवस्था निम्नबमोजिम रहेको छ:

| जिल्ला | दर्ता | समाधान | असफल | बाँकी |
|---|---|---|---|---|
| नवलपरासी | २६९ | १९० | ७९ | ० |
| बाँके | १६५ | १२४ | १० | ३१ |
| कञ्चनपुर | १४१ | ७४ | २ | ६५ |
| जम्मा | ५७५ | ३८८ | ९१ | ९६ |

**विवाद समाधानको अवस्था (जम्मा दर्ता ५७५)**



ठ) **सामुदायिक मेलमिलाप कार्यक्रमबाट परेको प्रभावः** सामुदायिक मेलमिलाप कार्यक्रमबाट समाजिक संरचनामा, सस्कृति तथा आर्थिक अवस्थामा परिर्वतन देखिन थालेको छ। यस कार्यक्रमले सामाजिक संरचनामा पारेको प्रभावका सम्बन्धमा मानिसहरु बिस्तारै अदालत, प्रहरी, प्रशासनमा जानु भन्दा स्थानीय मेलमिलाप केन्द्रमा जान रुचाउने गरेको पाईएको छ। अदालतबाट धेरै समय, धेरै खर्च, धेरै झन्झट पछि प्राप्त हुने भनिएको न्याय मेलमिलाप केन्द्रबाट एकै दिनमा, बिनाखर्च, बिना झन्झट घरदैलो मै प्राप्त हुने भएबाट प्रहरी प्रशासन र अदालतमा सामान्य विवाद लिएरजाने व्यक्तिहरुको सङ्ख्यामा निकै कमीआएको पाईएकोछ।

त्यस्तै सामाजिक परिवेशमा साँस्कृतिक परिर्वतनहरु हेर्दा मेलमिलाप कार्यक्रम सञ्चालन भएपछि सामाजिक भेदभावमा निकै कमि आएको देखिन्छ। दलित र गैरदलितबीचको दुरी, महिला र पुरुषकाबीचको भेदभावमा धेरै कमी आएको छ। सेलर्डद्वारा सञ्चालित मेलमिलापसम्बन्धी कार्यक्रममा समावेशीकरणका मुद्दाहरुमा ब्यापक बहस हुने समानताका बिषयमा छलफल हुने र सहभागिता समेत समानुपातिक प्रतिनिधित्वको आधारमा हुने भएकोले समाजमा सकारात्मक परिर्वतनहरु देखिन थालेका छन्। अहिले समाजमा घरेलु हिंसा, लैङ्गिक भेदभाव, जातीय छुवाछुत लगायतका सामाजिक विकृतिलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन हुदै गएको छ।

घरेलु हिंसासम्बन्धी कानुन भरखरै निर्माण भएको तर यसको सही र प्रभावकारी कार्यान्वयन गर्न नियमावली तथा अन्य संयन्त्रसमेत निर्माण हुन समय लाग्ने अवस्था एकातिर छ भने धेरैलाई यस सम्बन्धमा जानकारी नै छैन। घरेलु हिंसासम्बन्धी कानुनको अभावमा घरेलु हिंसाका विवादहरु अदालतसम्म पुग्न नसक्ने अवस्थामा समेत सामुदायिक मेलमिलाप कार्यक्रमले महिलाको न्यायमा पहुँच बढाएको छ। त्यस्तै सामाजिक परिवर्तनका लक्षणहरु पनि समाजमा अहिले देखा पर्न थालेका छन। अहिले समाजमा सद्भाव, सहिष्णुता, सहकार्य, कार्यगत एकता, सामाजिक सन्तुलन, सामाजिक सम्वन्ध समेत विस्तार भएको देखिन्छ।

व्यक्तिगतरुपमा व्यक्तिहरुमा परेको प्रभावलाई हेर्दा न्यायमा पहुँच नभएका गरीब, उत्पीडित, सीमान्तकृत, जनजाति, महिलाहरुको न्यायमा सहज पहुँच बढेको छ। विवादका कारण घरमा बस्नै नसक्ने वातावरण भएका, लगातार १०/१५ वर्षदेखि अलग बस्ने गरेका लोग्ने स्वास्नीकाबीचमा सम्बन्ध सुधार भै पुनर्मिलन भएका थुप्रै उदाहरणहरु छन्। मेलमिलाप सत्रमा बसी विवाद समाधान गर्ने पक्षहरुको जीवनशैलिमा समेत परिवर्तन भएको देखिन्छ। आफूमाथि परेको अन्यायका विरुद्ध न्यायालयसम्म जानै नसक्ने महिला, जनजाति र पिछडिएका वर्गले समेत सजिलै घरदैलौमै न्यायको अनुभूति गर्न पाएकाछन।

ड) **सामुदायिक मेलमिलाप कार्यक्रमबाट हासिल भएका उल्लिखनीय उपलब्धिहरुः**

- कानुनी शासनको पहिलो आवश्यकता न्यायमा पहुँचमा सर्वसाधारणको आफ्नो संलग्नता रहनु,
- मेलमिलाप कार्यक्रम गाविसमा हस्तान्तरण भैसकेपछि अधिकाश गाविस तथा नगरपालिकाहरुले कार्यक्रमलाई आत्मसात गरी आफूहरुले नै सञ्चालन गर्ने प्रक्रियाको थालनी गर्नु
- यस कार्यक्रमको सञ्चालनमा निरन्तरताको लागि कतिपय गाविसहरुमा सार्वजनिक पोखरीहरु माछा पाल्न दिने, कहीँ नर्सरीहरु दिने, कहीँ मेलमिलाप कार्यालयको भवन निर्माण गर्न मद्दत गर्ने जस्ता कार्य हुनु
- अधिकांश स्थानमा मेलमिलाप गरेबापत मेलमिलापकर्ताहरुलाई यातायातखर्च दिने कार्यहरु समेत स्थानीय निकायबाट हुनु
- प्रायः सबैजसो स्थानीय निकायहरुले परिषद्बाट यस कार्यक्रमका लागि रकम विनियोजनका गर्न थाल्नुले पनि यो कार्यक्रम समुदायले आत्मसात गरेको देखिन्छ।

## ४. न्यायमा पहुँच अन्तर्गत सामुदायिक मेलमिलाप कार्यक्रम :

न्यायमा सर्वसाधारण जनताको पहुँच पुऱ्याउने उद्देश्यले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा उदयपुर, दाङ्ग, सुर्खेत र कैलाली जिल्लाका ४ वटा नगरपालिका र १६ वटा गाविसहरुमा सामुदायिक मेलमिलाप कार्यक्रमको सुरुवात भएको छ। यो कार्यक्रम प्रारम्भिक अवस्थामा भएकोले यस अर्न्तगत यो आर्थिक वर्षमा देहाय बमोजिमको कार्यक्रमहरु सञ्चालन गरिएको छः

**क) जिल्ला संयोजक तथा जिल्ला प्रशिक्षकको छनौटः** संस्थाको कार्यक्रम क्षेत्र रहेको उदयपुर, दाङ्ग, सुर्खेत र कैलाली जिल्लाका लागि आवश्यक जनशक्तिको परिपूर्ति गर्न विज्ञापनद्वारा निवेदन सङ्कलन गरी सोही निवेदनका आधारमा प्रारम्भिक छनौटमा परेका उमेद्वारहरूलाई जिल्ला संयोजक तथा जिल्ला प्रशिक्षकको लागि पदपूर्ति समितिले अर्न्तवार्ताको आधारमा छनौट गरेको थियो।

**ख) सामुदायिक मेलमिलाप आधारभूत प्रशिक्षक प्रशिक्षण कार्यक्रमः** मिति २०६६ असार ४ देखि ११ गतेसम्म चितवनको सौराहामा सामुदायिक मेलमिलाप आधारभूत प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। प्रशिक्षक प्रशिक्षण कार्यक्रममा कैलाली, बर्दिया, सुर्खेत, दाङ्ग, रूपन्देही, मकवानपुर, उदयपुर र मोरङका २१ जना सहभागी रहेका थिए। संस्थाबाट यस वर्षदेखि सामुदायिक मेलमिलाप कार्यक्रम केही नयाँ जिल्लाहरुमा थप गरिएकोले यो कार्यक्रम ती जिल्लाहरुमा सञ्चालन गर्नको लागि यस प्रशिक्षक प्रशिक्षणले स्रोतव्यक्ति निर्माण गरेको छ। यस प्रशिक्षणमा कार्यक्रम सञ्चालन हुने जिल्लाका जिल्ला संयोजक र जिल्ला प्रशिक्षकहरू प्रशिक्षणमा सहभागी भएका थिए। यो प्रशिक्षण कार्यक्रम आवासीय किसिमले आठ दिन सम्म सञ्चालन भएको थियो। यस कार्यक्रमबाट प्रशिक्षित जिल्ला संयोजक र प्रशिक्षकहरुले नै यस कार्यक्रम अन्तर्गतका सम्पूर्ण गतिविधि आ-आफ्नो जिल्लामा सञ्चालन गर्ने गरी जिम्मेवारी दिईएको छ।




*चितवनमा आयोजित सामुदायिक मेलमिलाप आधारभूत प्रशिक्षक प्रशिक्षण कार्यक्रमका प्रशिक्षक एवं सहभागीहरु*

**ग) कार्यक्रमका भावी योजनाः**

- सामुदायिक आधारभूत मेलमिलाप निर्देशिका तथा कार्यपुस्तिकाको निर्माण
- मेलमिलाप कार्यक्रम सञ्चालनार्थ अधारभूत सर्भेक्षण अध्ययन
- जिल्ला तथा नगरपालिका/गाविस स्तरीय अभिमुखीकरण कार्यक्रम
- मेलमिलापकर्ताको छनौट
- आधारभूत मेलमिलापकर्ता तालिम
- मेलमिलाप केन्द्रको सञ्चालन तथा विवाद समाधान

**घ) यस न्यायमा पहुँच अन्तर्गतको सामुदायिक मेलमिलाप कार्यक्रमको हालसम्मको उपलब्धिः**

- कार्यक्रमको आधारस्तम्भको निर्माण र बिस्तार
- जिल्लाहरूमा मेलमिलाप कार्यका लागि प्रभावकारी संरचनाको विकास
- मेलमिलाप केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधारको तयारी भएको
- प्रशिक्षकहरुले भविष्यमा मेलमिलापकर्ताहरुमा प्रभावकारी रूपले ज्ञान र सीप हस्तान्तरण गर्न सक्ने भएबाट कार्यक्रम लागू भएका जिल्लाहरुमा असल मेलमिलापकर्ताको निर्माणमा सहयोग हुने

## ५. न्यायक्षेत्र सहयोग कार्यक्रम :

संस्थाले डेनिडाह्युगोको सहयोगमा सन् २००५ को नोभेम्बर (२०६२ कार्तिक) बाट सञ्चलान गरिरेहेको न्यायक्षेत्र सहयोग कार्यक्रम यही २०६५ को चैतमा समाप्त भएको थियो। सो परियोजना अन्तर्गत मोरङ्ग तथा बर्दिया जिल्लाहरुमा कार्यान्वयन हुने गरी भएको सम्झौता अनुसार मूलतः सामुदायिक मेलमिलाप कार्यक्रम र न्यायिक तथा अर्द्धन्यायिक निकायका न्याय प्रशासनमा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरुलाई मानवअधिकारसम्बन्धी प्रशिक्षण कार्यक्रमका दुई विषयमा केन्द्रीत भई कार्यक्रम सञ्चालन हुने सहमती भएको थियो।

### ५.१) सामुदायिक मेलमिलाप कार्यक्रमः

मोरङ्ग र बर्दिया जिल्लाका १/१ नगरपालिका र ६/६ गाविस गरी जम्मा १४ स्थानमा विगत ४ वर्षदेखिनै कार्यक्रम सञ्चालनमा रहेको थियो। यस आर्थिक वर्षमा निम्न स्थानहरुमा थप कार्यक्रमहरु सञ्चालन भएका थिए।

**क) अनुभव आदानप्रदान कार्यक्रम** : मेलमिलाप र मध्यस्थकर्ताको गुणस्तर वृद्धि गर्ने प्रयोजनार्थ यस वर्ष जिल्ला स्तरमा २ पटक जिल्ला स्तरीय अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरियो। यसैगरी सबै गाविस एवम् नगरपालिकामा गरी ५६ पटक अनुभव आदान प्रदान कार्यक्रम गरियो। यी कार्यक्रमहरुले गाविस तथा जिल्ला स्तरमा भएका विविध उपलब्धि तथा समस्याहरुको पहिचान र समाधानका उपायहरु अवलम्वन गर्न सहयोग गर्नुका साथै मेलमिलाप कार्यक्रमलाई संस्थागतरुपमा कसरी गाविसहरुमा दिगोरुपमा स्थापित गर्न सकिन्छ भन्ने बारेमा पनि छलफल गरी कार्यक्रलाई स्थानीय स्तरमा संस्थागत गर्न आवश्यक पहल गरेको थियो।

**ख) विवाद समाधानः** दुबै जिल्लाका १४ मेलमिलाप केन्द्रमा यो कार्यक्रम सुरु भएयता ४,२०० विवाद मेलमिलापको लागि दर्ता भएकोमा ३,३६२ विवाद समाधान भएका छन भने ४३१ विवाद असफल भएका छन । त्यसै गरी १६९ विवाद अन्यत्र गएका र २३८ विवाद भने मेलमिलापको क्रममा रहेका छन । यसरी हेर्दा ज्यादै न्यून विवाद मात्र समाधान नभएका र अन्यत्र गएका छन् भने अधिकांश विवादहरु समाधान भएका र हुने क्रममा रहेको देखिन्छ । जुनकुरा तल उल्लेखित तालिकाले अझ स्पष्ट पारेको छ ।

*सामुदायिक मेलमिलाप प्रदान गरिएको सेवा*

| जिल्ला | दर्ता | समाधान | असफल | अन्य स्थानमा गएको | बांकि |
|---|---|---|---|---|---|
| मोरङ | २८२४ | २३७९ | ३०२ | ५३ | ९० |
| बर्दिया | १३७६ | ९८३ | १२९ | ११६ | १४८ |
| जम्मा | ४२०० | ३३६२ | ४३१ | १६९ | २३८ |

सामुदायिक मेलमिलाप प्रदान गरिएको सेवा (दर्ता ४२०० विवाद)






*विवाद समाधानपश्चात विवादित पक्षहरुबीच खुसी साटासाट गर्दै*

ग) **सामुदायिक मेलमिलापकर्ताहरुको जिल्ला स्तरीय भेला तथा सञ्जालको गठनः** गत आर्थिक वर्षमा यस परियोजनाबाट भएको अर्को महत्वपूर्ण गतिविधि सामुदायिक मेलमिलापकर्ताहरुको जिल्ला स्तरीय भेला तथा सञ्जालको गठन हो। मोरङ्ग र बर्दिया जिल्लामा जिल्लाका सबै मेलमिलापकर्ताहरुको जिल्ला भेला आयोजना गरी सामुदायिक मेलमिलाप सेवालाई दिगो र सुचारु बनाउने सम्बन्धमा सबै राजनीतिक दल तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरु सहित एक सम्मेलन सम्पन्न गरियो। उक्त भेलामा जिल्लामा हरेक गाविस तथा नगरपालिकाबाट उत्कृष्ट ठहरिएका एक महिला तथा एक पुरुष मेलमिलापकर्ताहरुलाई दोसल्ला ओढाई प्रशंसापत्र सहित सम्मान गरिएको थियो। यसै गरी बर्दियामा १७ सदस्यीय तथा मोरङ्गमा १५ सदस्यीय मेलीमलापकर्ताहरुको जिल्ला सञ्जाल तदर्थ समिति गठन गरिएको छ।

*सामूदायिक मेलमिलाप कार्यक्रम संचालन भएका स्थानहरुको बिवरण:*

| सिनं | जिल्ला | हाल कार्यक्रम सञ्चालनमा रहेका गाविस तथा नपा | समुदायलाई हस्तान्तरण गरिएका गाविस तथा नपा |
|---|---|---|---|
| १ | कञ्चनपुर | | भीमदत्त नपा तथा गाविसहरू सुडा, दैजी, पिपलाडी र पराशन। |
| २ | कैलाली | टिकापुर न.पा तथा गाविसहरू पहलमानपुर, साडेपानि, पथरैया र दुर्गौली। | |
| ३ | सुर्खेत | विरेन्द्रनगर न.पा. तथा गाविसहरू लाटीकोइली, उत्तरगङ्गा, छिन्छु र जर्बुटा। | |
| ४ | बर्दिया | गाविसहरू देउदाकला, मानपुरटपरा, राजापुर, दौलतपुर र भिम्मापुर। | गुलरिया नपा तथा गाविसहरू मैनापोखर, सानोश्री, ताराताल, सोरहवा, महम्मदपुर र कालीका। |
| ५ | बाँके | | नेपालगञ्ज न.पा. तथा गाविसहरू रझेना, कोहलपुर, खजुराहखुर्द, शम्शेरगञ्ज, बागेश्वरी, पुरैनी, मनिकापुर, चिसापानी र परशपुर। |
| ६ | दाङ्ग | तुलसीपुर न.पा. तथा गाविसहरू मानपुर, डुरुवा, बिजौरी र टरिगाउँ। | |
| ७ | नवलपरासी | | रामग्राम न.पा. तथा गाविसहरू सुनवल आदर्श, पञ्चनगर, माकर, त्रिवेणीसुस्ता, दुम्कीवास, नयाँ बेलहानी, शिवमन्दिर, पिठौली, गैंडाकोट, देवगाउँ, कुस्मा, जमुनीया र रामनगर। |
| ८ | रूपन्देही | सिद्धार्थनगर न.पा. तथा गाविसहरू देवदह, दुधराक्ष, टिकुलीगढ् र मक्रहर। | |
| ९ | मकवानपुर | हेटौंडा नपा तथा गाविसहरू: बसामाडी, पदमपोखरी, चुरियामाई र हटिया। | |
| १० | उदयपुर | त्रियुगा न.पा. तथा गाविसहरू रामपुर ठोक्सिला, भलायाडाँडा, बेल्टार र जोगिदह। | |

| | | | |
|---|---|---|---|
| ११ | मोरङ्ग | बिराटनगर उ.प.न.पा. तथा गाविसहरू तेत्तरीया, कटहरी, उर्लावारी, रंगेली, बुधनगर र बेलबारी । | |
| १२ | धादिङ | | बेनिघाट, नौविसे, सलाङ, निलकण्ठ र कल्लेरी । |

**५.२) न्यायिक तथा अर्द्धन्यायिक निकायका न्याय प्रशासनमा कार्यरत राजपत्र अनक्तित कर्मचारीहरुलाई मानवअधिकारका सम्बन्धमा प्रशिक्षणः**

गत वर्ष झैं यस वर्ष पनि न्यायिक प्रक्रियामा संलग्न राजपत्रअनंकित कर्मचारीलाई मानवअधिकार दिग्दर्शनमा केन्द्रीत गरी केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको समन्वयमा थप ३ जिल्लामा कार्यक्रम सम्पन्न गरियो । गत आ.व.मा दोलखा, धादिङ र झापा तीन स्थानमा न्याय क्षेत्रका जम्मा ७८ जना राजपत्र अनङ्कित कर्मचारीहरुलाई प्रशिक्षण प्रदान गरिएको थियो । यसरी सञ्चालन गरिएको दुई दिवसीय प्रशिक्षण मानवअधिकार र यसका विश्वव्यापी मान्यता अनि सोको प्रयोग तथा न्याय क्षेत्रमा संलग्न कर्मचारीहरुले मानवअधिकारको संरक्षणमा ध्यान दिनुपर्ने कुराहरुका बारेमा व्यापक अभिमुखिकरण गर्न सफल भएको देखिन्छ ।

यस कार्यक्रम अर्न्तगत हालसम्म संस्थाले २००३ देखि २९ वटा प्रशिक्षण कार्यक्रमबाट ३५ वटा अदालतलाई समेटेर जम्मा ७४३ जना न्यायिक तथा अर्द्धन्यायिक निकायका न्याय प्रशासनमा कार्यरत राजपत्र अनङ्कित कर्मचारीहरुलाई मानवअधिकारका सम्बन्धमा प्रशिक्षण प्रदान गरेको देखिन्छ ।

**उपलब्धिहरुः** विभिन्न जिल्लामा कार्यक्रमहरु सञ्चालन गर्दा मूलरुपमा राजपत्र अनङ्कित तहका कर्मचारीहरुको लागि कुनै पनि संस्थाले मानवअधिकारका विषयमा प्रशिक्षण दिने गरेको पाइएन । कतिपय कर्मचारीहरुले ३०-३२ वर्षको सेवा अवधिमा आफूले प्रशिक्षण लिएको यो नै पहिलो कार्यक्रम हो भनेका थिए । यसका अतिरिक्त न्यायिक तथा अर्द्धन्यायिक निकायमा सुरुमा सेवाग्राहीले प्रवेश गर्ने वित्तिकै भेट्ने भनेको न्यायाधीश नभई तिनै राजपत्र अनङ्कित तहका कर्मचारीहरु हुन् । यस प्रशिक्षणबाट उनीहरुले मानवअधिकार के हो ? यसको के महत्व छ ? अदालतमा आउने सेवाग्राहीहरु के कस्ता हुन्छन ? अपराधका पीडित तथा महिलाहरुको अवस्था कस्तो हुन्छ ? कर्मचारीहरु मानवअधिकारप्रति संवेदनशिल नहुँदा नागरिकका के कस्ता अधिकारहरु हनन् हुन्छन ? भन्ने जस्ता विषयहरुमा जानकारी पाएका थिए । यसले गर्दा निश्चय पनि उनीहरुले भविष्यमा मानवअधिकारको संरक्षणमा आफ्नो जिम्मेवारीप्रति सचेत हुने विश्वास गर्न सकिन्छ र सेवाग्राहीहरुले न्यायिक तथा अर्द्धन्यायिक निकायबाट मानवोचित व्यवहार पाउनेछन् भन्ने कुरामा आशावादी हुन सकिन्छ ।

## ६. मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण कार्यक्रमः

मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण र यसको उन्मुलनका लागि गरिएका विभिन्न अभियानहरूले नेपालमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू र दातृसंस्थाबीच संस्था आफ्नो छुट्टै पहिचान कायम गर्न

सफल रहेकोछ। यसलाई निरन्तरता दिने क्रममा द एशिया फाउण्डेशनको सहयोगमा मिति २०६५ साल भाद्र १६ गते (सेप्टेम्बर १, २००८) देखि २०६६ साल भाद्र १५ गते (अगष्ट ३१, २००९) सम्म एकवर्षे "मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण कार्यक्रम" अन्तर्गत विभिन्न गतिविधिहरु सञ्चालन गरियो ।

नेपालमा मानवबेचबिखन तथा ओसारपसारका घटनाहरूको तुलनामा प्रहरीमा दर्ता हुने मुद्दाको सङ्ख्या निकै कम रहेको छ। यदि पीडित र साक्षीलाई सुरक्षाको प्रत्याभूति गर्न सकियो भने प्रहरीमा हाल कायम उजूरीको सङ्ख्या अवश्य बढ्नेछन् र उनीहरूले अदालतमा गर्ने बयान फेरिने हालको अवस्थामा पनि अवश्य नै फरक पर्नेछ। जसले गर्दा अभियुक्तहरूउपर कानुनी कारवाही हुने सम्भावना बढी हुनेछ भन्ने परिकल्पनामा आधारित भएर यो कार्यक्रम लागू गरिएको हो। यस परियोजना अन्तर्गत गत आर्थिक वर्ष भित्रमा निम्न कार्यहरू संम्पन्न गरियो ।

क) **जनचेतना तथा अभिमुखीकरणका लागि प्रचारप्रसार सामग्री प्रकाशन तथा वितरण:** यस अन्तर्गत ५,००० प्रति पोष्टर र २०,००० प्रति ब्रोसर प्रकाशन गरी विभिन्न जिल्लाहरूमा जनचेतना तथा अभिमुखीकरण कार्यक्रम गर्दै सोको लागि आवश्यक सङ्ख्यामा ती सामग्रीहरु वितरण पनि गरियो। पोस्टरमा मानवबेचबिखनबाट उद्धार भएदेखि पुर्नस्थापनासम्मका विभिन्न चरणहरू र उक्त चरणमा पीडितको हक अधिकारहरू चित्र तथा शब्दहरूद्वारा प्रष्ट पारिएका छन्। ब्रोसरमा मानवबेचबिखन तथा ओसारपसार अपराधसँग सम्बन्धित १० वटा भ्रम र उक्त भ्रम निवारणका लागि सत्य के हो भनी बुझाउने चित्र तथा शब्दहरू राखिएका छन् जस्ले नयाँ कानुनी व्यवस्था सहित पीडित तथा साक्षीहरुको सुरक्षाको लागि आवश्यक जानकारी प्रदान गरेको छ ।

ख) **मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनका व्यवस्थाबारे जनचेतनाका लागि सामाजिक अभिमुखीकरण:** यस कार्यक्रम अन्तर्गत कञ्चनपुर, कैलाली, दाङ्ग, कपिलवस्तु, रुपन्देही, कास्की, चितवन, गोरखा, रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, पर्सा, काभ्रे, रामेछाप, सिन्धुली, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, उदयपुर र सुनसरी गरी जम्मा २५ जिल्लाहरुमा एक दिने अभिमुखीकरण कार्यक्रम गरियो। यस कार्यक्रममा जम्मा ६७३ जनाले भाग लिएकोमा ५१० जना पुरुष र १६३ जना महिला थिए। जसमध्ये अधिकांश कार्यक्रमहरुमा मानवबेचबिखन तथा ओसारपसार अपराधको न्यूनिकरणसँग सम्बन्धित जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायधिवक्ता, महिला विकास अधिकृत, वकिल, प्रहरी, गैर सरकारी संस्थामा काम गर्ने व्यक्तिहरू, स्थानीय भलाद्मी तथा नेताहरूको समेत उपस्थिति थियो ।

ग) **मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनको लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरणसम्बन्धी तालिम निर्देशिका प्रकाशन तथा वितरण:** यो निर्देशिका कानुन कार्यान्वयन गर्ने निकायहरुको लागि 'मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनको लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण' सम्बन्धी तीन दिने तालिम प्रयोजनका लागि तयार गरिएको थियो। यस निर्देशिकाले मानवबेचबिखन तथा ओसारपसार भनेको के हो ? यसका उद्देश्य, कारण र तौरतरिका के कस्ता छन् ? मानवबेचबिखन तथा ओसारपसारका सम्बन्धमा के कस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन छन् ? यसको वर्तमान अवस्था कस्तो छ ? जाहेरी दर्ता, अनुसन्धान, अभियोजन, फैसला र फैसला कार्यान्वयनमा के कस्ता समस्या र चुनौतीहरू छन् र समाधानका उपायहरू के हुनसक्छन् भनी चर्चा गरिएको छ। यस निर्देशिका प्रकाशनपूर्व यसमा के कस्ता कुराहरू काटछाँट र थप गर्न सकिन्छ भनी मोरङ्ग र बाँकेमा परीक्षण प्रशिक्षण गरी सोबाट प्राप्त सुझाव तथा पृष्ठपोषणहरुलाई समेत समावेश गरी आवश्यक संशोधनपश्चात प्रकाशन गरिएको थियो, जुन पछि सहभागी प्रशिक्षार्थीहरुलाई हरेक जिल्लाहरुमा वितरण समेत गरियो ।

घ) **कानुन कार्यान्वयन गर्ने निकायको तीन दिने तालिमः** मोरङ्ग, काठमाडौं, मकवानपुर, चितवन, बाँके र कैलाली गरी ६ जिल्लामा मा 'मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनको लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण' विषयमा कानुन कार्यान्वयन गर्ने निकायका व्यक्तिहरूलाई लक्षित गरी तीन दिने तालिम कार्यक्रम सञ्चालन गरियो । यसमा जम्मा १४८ जनाको सहभागिता भएकोमा ४२ जना नेपाल प्रहरीबाट थिए भने अन्य सहभागीहरु अरु सरोकारवालाहरू निकायहरुबाट सहभागी भएका थिए ।



*मोरङमा कानुन कार्यान्वयन गर्ने निकायका व्यक्तिहरुलाई प्रशिक्षण दिदै*
*सेलर्डका कार्यक्रम संयोजक कपिल अर्याल र सहभागीहरु*

ङ) **परराष्ट्र मन्त्रालय अन्तर्गत बैदेशिक सेबामा कार्यरत अधिकारीहरूसाग एक दिने कार्यशाला तथा छलफल कार्यक्रमः** नेपालीहरू बेचिने क्रम भारतमा मात्र सीमित नरहेर अन्य विभिन्न मुलुकसम्म फैलिएको वास्तविकतालाई ध्यानमा राखेर यो कार्यक्रमको योजना तयार गरिएको थियो । सोही वास्तविकतालाई ध्यानमा राखि पहिलो पटक नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत विदेश सेवा अन्तर्गतका अधिकारीहरूसँग मानवबेचबिखन तथा ओसारपसार विषयमा छलफल गरेमा बेचिएका नेपालीहरूको चाँडै र सही किसिमबाट उद्धार हुनसक्ने र उनीहरुलाई चाहिने आवश्यकतानुसारको सहयोग उपलब्ध गराउन समेत सफल हुनेछ भन्ने विश्वासका साथ ती अधिकारीहरूलाई एक दिने अभिमुखीकरण कार्यक्रम गरिएको थियो । यो कार्यक्रमले ती अधिकारीहरूले भोगिरहेका अप्ठ्यारा र चुनौतीहरू पनि छलफल गरेको थियो। परराष्ट्र मन्त्रालयले उक्त कार्यक्रममा सहभागीताको लीग १२ जना अधिकारहरूको नाम चयन गरी पठाए तापनि कार्यक्रममा जम्मा ७ जना मात्र उपस्थित हुन सके भने बाँकी अधिकारीहरुलाई चालू आर्थिक वर्ष भित्र सहभागी गराईने लक्ष्य राखिएको छ। कार्यक्रमलाई उपलब्धिमूलक बनाउनको लागि अन्य सरोकारवालाहरु, जस्तै, अदालतका पदाधिकारी, वकिल, प्रहरी, गैससका व्यक्तिहरूलाई समेत सामेल गराइ उनीहरुले मानवबेचबिखन तथा ओसारपसारका सम्बन्धमा विदेशी भूमिमा भोग्नु पर्ने कठिनाई र निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा सचेतना अभिवृद्धि गरिएको थियो ।

**च)** **मनोसामाजिक विमर्श तथा कानुनी सहायताः** यस परियोजना अन्तर्गत यस अवधिभर संस्थाले कम्तीमा ६३ जनालाई मनोसामाजिक विमर्श तथा कानुनी सहायता उपलब्ध गराउने योजना गरेकोमा कार्यक्रम अवधिभर गएको आर्थिक वर्ष भित्र जम्मा ६१ जनालाई उक्त सेवा दिन सफल भयो। संस्थाले यो सेवा मोरङ्ग, चितवन र बाँके जिल्लामा उपलब्ध गराउँदै आएको छ।

**छ)** **उपलब्धिहरूः**

- यस परियोजना अन्तर्गत तयार भएको प्रचारप्रसार र जानकारीमूलक सामग्रीले मानवबेचबिखन तथा ओसारपसारसँग सम्बन्धित भ्रमलाई अन्त्य गर्न ठूलो मद्दत गरेको छ। साथै विभिन्न चरणमा पीडितका  के कस्ता हक अधिकारहरू हुन्छन् भन्ने कुरा पनि प्रष्ट पार्न सहयोग पुगेको छ।
- यी सामग्रीहरू संस्थाले मात्र नभई आरोहण/गुरुकुलले आफ्नो सडक नाटकमा, कानुनी सहायता तथा परामर्श केन्द्र (ल्याक) ले आफ्ना रेडियो कार्यक्रममा र पिपिआरले आफ्ना कार्यक्रमहरूमा समेत व्यापक प्रचारप्रसार, प्रयोग र वितरण गरेकाले जानकारीको प्रचारप्रसारमा ठूलो मद्दत मिलेको छ।
- ५१० जना पुरुष र १६३ जना महिला गरी जम्मा ६७३ जनालाई मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण ऐनका व्यवस्थाका बारेमा अभिमुखीकरण गरिएको छ।
- उक्त कार्यक्रममा भाग लिएका व्यक्तिले अरुहरूलाई पनि जानकारी सम्प्रेषण गरेका छन्। पत्रपत्रिकामा लेख रचना प्रकाशन भएको छ रेडियोमा अन्तवार्ता गरी यसबारेमा जनचेतना अभिवृद्धिको लागि थप सहयोग गरेका छन्।
- सरोकारवाला, पीडित र उनका परिवारले मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन लागू भएको कुरा थाहा पाए र पीडित र साक्षीको सुरक्षासम्बन्धी व्यवस्थाहरूको बारेमा जानकारी हासिल भएको छ।
- मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनको लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरणसम्बन्धी तालिम निर्देशिका तयार भएको छ। प्रहरी, वकिल, अदालतका कर्मचारी, गैससका व्यक्तिहरू सबैले आफ्नो कामको सिलसिलामा यसलाई सन्दर्भ पुस्तिकाको रूपमा समेत प्रयोग गर्न थालेका छन्।
- १४८ जनाले यस विषयमा तीन दिने तालिम प्राप्त गरेका छन, जसमध्ये ४२ जना नेपाल प्रहरीबाट सहभागी भएका थिए।
- नेपालमा पहिलो पटक परराष्ट्र मन्त्रालय अन्तर्गत विदेश सेवाका अधिकारीहरूसँगको अन्तर्क्रिया कार्यक्रमले उनीहरूलाई मानवबेचबिखन तथा तस्करीबीचको भिन्नतामा प्रष्ट पारी यी समस्याहरूलाई कसरी सम्बोधन गरिनुपर्छ भन्ने कुरा प्रष्ट पार्न सफल भएको छ।
- कानुनी सेवामा मानोसामाजिक विमर्शलाई सँगै लैजाने परिपाटीको सुरुवात गरेको छ र हालसम्म ६१ जनालाई निःशुल्क कानुनी सेवा तथा मनोसामाजिक विमर्श उपलब्ध गराइएको छ।
- अदालत, प्रहरी, न्यायाधिवक्ताको कार्यालय, कानुन व्यवसायी, गैसस संस्था, विभिन्न सरकारी कार्यालयहरू, प्रजिअ, परराष्ट्र मन्त्रालय, नागरिक समाजका व्यक्तिहरू आदिसँग संस्थाको सहकार्यमा अभिवृद्धि भएको छ।

# ७. पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयन :

गत वर्षको वार्षिक साधारणसभाले दिएको अधिकारलाई प्रयोग गर्दै कार्यसमितिले तोके बमोजिम निर्माण गरेको रणनीतिक कार्ययोजना (Strategic Planning) २००९–२०१३ हाल संस्थागतरुपमा लागू गरिएको छ। संस्थाले आफ्नो स्थापना २०५५ साल बैशाख २१ गते बाटनै आफ्नो उद्देश्य प्राप्तिको लागि क्रमशः कार्य गर्दै आएकोमा यस वर्ष बाट ५ बर्षे रणनीतिक कार्ययोजना (Strategic Planning) २००९–२०१३ लागू गरी सोही बमोजिम कार्यक्रमहरु सञ्चालन गरी रहेको छ। उक्त रणनीतिक योजना अनुसार निम्न ६ वटा रणनीतिक कार्यक्षेत्रहरु रहेका छनः

१) पिछडिएका तथा अर्थिक अवस्था कमजोर भएकाहरुको न्यायमा पहुँच अभिवृद्धि गर्न सामुदायिक मेलमिलाप केन्द्रको स्थापनासम्बन्धी कार्यक्रम,

२) मानववेचविखन रोकथाम तथा त्यसबाट पीडित भएकाहरुको अधिकारको संरक्षणसम्बन्धी कार्यक्रम,

३) संविधानप्रदत्त मानवअधिकार (विशेषतः उपभोक्ताको अधिकार) को संरक्षण र सम्बर्द्धन कार्यक्रम,

४) बालन्यायको संस्थागत प्रणाली विकास गरी बालन्यायको अवस्थामा सुधार गर्ने सम्बन्धी कार्यक्रम,

५) परिस्कृत कानुनी शिक्षाको माध्यमबाट पिछडिएका तथा अधिकारबाट बन्चित समुदायबाट दक्ष कानुन व्यवसायी निर्माण गर्ने कार्यमा सहयोग गर्ने कार्यक्रम,

६) पिछडिएका आदिवासीहरुका लागि समन्वयात्मक ढङ्गबाट कानुनी सहायता प्रदान गर्ने कार्यक्रम

उक्त रणनीतिक योजना अनुसार ५ वर्षे अवधिको लागि सामुदायिक मेलमिलाप कार्यक्रमको लागि कुल रु.११,८२,६८,६००/- मानववेचविखन रोकथाम तथा त्यसबाट पीडित भएकाहरुको अधिकारको संरक्षणसम्बन्धी कार्यक्रमका लागि रु.५,०३,७०,०००/-, संविधानप्रदत्त मानवअधिकार (बिशेषतः उपभोक्ताको अधिकार) को संरक्षण र सम्बर्द्धन कार्यक्रमको लागि २१,९५०,०००/-, बालन्यायको संस्थागत प्रणाली विकास गरी बालन्यायको अवस्थामा सुधार गर्ने सम्बन्धी कार्यक्रमको लागि रु.१,९२,५०,०००/-, परिस्कृत कानुनी शिक्षाको माध्यमबाट पिछडिएका तथा अधिकारबाट बन्चित समुदायबाट दक्ष कानुन व्यवसायी निर्माण गर्ने कार्यमा सहयोग गर्ने कार्यक्रमको लागि ९४,५०,०००/- तथा पिछडिएका आदिवासीहरुका लागि समन्वयात्मक ढङ्गबाट कानुनी सहायता प्रदान गर्ने कार्यक्रमको लागि रु.४,१२,४४,५००/- खर्च गर्ने अनुमान गरिएकोछ। यस अतिरिक्त संस्थागत सुदृढिकरणको लागि रु.१,८०,००,०००/- खर्च गर्ने अनुमान गरीएको छ। यसबाट कुल रु.२७,८५,३३,१००/- खर्च गर्ने योजना तर्जुमा भएको छ।

# ८. संस्थाको प्रशासनिक एवम् संरचनात्मक स्वरुप :

संस्थाको रणनीतिक कार्ययोजना (Strategic Planning) २००९–२०१३ तयार भईसके पश्चात विभिन्नरुपमा संस्थाको संस्थागत स्वरुपको पहिचान भई सो को प्रशासनिक तथा संरचनात्मक स्वरुपहरुको निर्धारण र कार्य विभाजन समेत भई सकेको छ जुन निम्न बमोजिम रहेको छः ।

**क)** **संरचनात्मक स्वरुपः** संस्थाको संरचनागत स्वरुप विगतमा पटकपटक परिवर्तन भईरहेको र यसले गर्दा कतिपय अवस्थामा संरचनागतरुपमा यस संस्थाले स्पष्टता हासिल गर्न नसकेको परिप्रेक्ष्यमा स्पष्ट संरचनात्मक स्वरुप निर्धारण गर्नु पर्ने भएबाट रणनितिक कार्ययोजनामा यस सम्बन्धमा विशेष ध्यान दिइएको थियो । जस अनुसार हाल संस्थाको संरचना भित्र सबैभन्दा माथि साधारणसभा, त्यसभन्दा मुनि कार्यसमिति र सोलाई सहयोग गर्ने सल्लाहकार समिति रहेको छ । कार्यसमितिभन्दा तल सबै कार्यक्रमहरुको समन्वय गर्न र आवश्यकतानुसार प्राप्त अख्तियारी बमोजिम विभिन्न निर्णयहरु समेत गर्नका लागि संस्थागत रुपमा नै एक निर्देशक सहित परियोजना व्यवस्थापन समिति (Project Management Committee) रहेको छ, जसले सम्पुर्ण कार्यक्रमहरुको व्यबस्थापन र कार्यान्यिन संस्थागतरुपमा गर्न थालिसकेको छ । सो भन्दा मुनि कार्यक्रम संयोजकहरु तथा सो अन्तर्गत विभिन्न क्षेत्रीय संयोजकहरु र कार्यक्रम अधिकृतहरु रहेको एक बृहत संस्थागत संरचना अन्तर्गत संस्था सञ्चालनमा रहेको छ । यसको अलावा हाल यी संरचनात्मक स्वरुप अन्तर्गतका विभिन्न निकाय र अङ्गहरु कार्य विवरण (Terms of Referenc) TOR समेत विकास गरी लागू गरिएकोले अब उप्रान्त संस्थागत स्वरुपका सम्बन्धमा कुनैपनि अन्यौलता नरहने विश्वास समेत गरिएको छ ।

**ख)** **प्रशासनिक स्वरुपः** संस्थाको प्रशासनिक स्वरुपमा पनि आवश्यकरुपमा स्पष्टता कायम गर्न रणनीतिक कार्ययोजनामा सफल भएको देखिन्छ । प्रशासनिक स्वरुपका सम्बन्धमा कुरा गर्दा संस्था भित्र केन्द्रमा निर्देशकको नेतृत्वमा एकजना प्रशासन अधिकृत र अन्य कर्मचारीहरुको समूह रहेको छ । जस अनुसार हाल संस्थाको केन्द्रीय प्रशासनिक संरचना भित्र निर्देशक, लेखा अधिकृत, प्रशासन अधिकृत, डकुमेन्टटेशन अधिकृत, कार्यालय सचिव, लगायत अन्य सहयोगी कर्मचारीहरु सहितको समूह रहेको छ । त्यसै गरी प्रशासनिक तथा परियोजनागत कार्यमा संलग्न छुट्टाछुट्टै कर्मचारीहरु केन्द्र देखि क्षेत्र तथा जिल्ला स्तरीय कार्यालयहरु रहेका छन् । केन्द्रीय कार्यालयको मातहतमा सबै प्रशासनिक तथा परियोजनागत कार्यको समन्वय र कार्यान्यन गर्न यसै आर्थिक वर्षमा रणनीतिक कार्ययोजना अन्तर्गत रही छुट्टाछुट्टै रुपमा नयाँ र र पहिले देखि कायम समेत गरी ४ वटा *(बिराटनगर र नेपालगञ्ज पुराना र हेटौंडा तथा बुटवल नयाँ)* क्षेत्रीय कार्यालयहरुको स्थापना गरी विधिवतरुपमा प्रशासनिक विकेन्द्रीकरण गरिएको छ । जसले गर्दा विभिन्न तहमा कार्यरत प्रशासनिक तथा परियोजना कर्मचारीहरुको स्पष्ट कार्यविभाजन र जिम्मेवारी निर्धारण गर्न हुनुको अवाला व्यक्तिगत कार्य तथा प्रस्तुति मूल्याङ्कन समेत गर्न सुरु गरिएको छ ।

हाल स्थापित ४ वटा क्षेत्रीय कार्यालय ती अन्तर्गतका कार्यक्रम, कर्मचारी र सो अधिनका जिल्लाहरु निम्न रहेको छः

***१) बिराटनगर क्षेत्रीय कार्यालय, मोरङ्गः***

- यस अन्तर्गत हाल मोरङ्ग, सुनसरी, सप्तरी, उदयपुर र झापा जिल्लाहरुका विभिन्न कार्यक्रमहरुको समन्वय र अन्य प्रशासनिक कार्य भईरहेको छ ।

- यस क्षेत्रीय कार्यालय अर्न्तगत हाल रणनीति कार्ययोजना अन्तर्गतको सामुदायिक मेलमिलाप कार्यक्रम, बन्दी कानुनी सहायता कार्यक्रम सञ्चालनमा रहेको छ, भने यूएनडीपीको सहयोगमा उदयपुर जिल्लामा सामुदायिक मेलमिलाप कार्यक्रम समेत सञ्चालनमा रहेको छ। यसको अलावा यस क्षेत्रीय कार्यालय अर्न्तगत द एशिया फाउण्डेशनको सहयोगमा सञ्चालित मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण कार्यक्रम पनि सञ्चालनमा रहेको छ।
- हाल यस क्षेत्रीय कार्यालयमा एक क्षेत्रीय संयोजक, लेखापाल, कम्प्यूटर अपरेटर, कार्यालय सहायक सहितको प्रशासनिक समूह र अन्य परियोजना कर्मचारीको रुपमा विभिन्न परियोजना अन्तर्गत ९ जना गरी जम्मा १३ जना कर्मचारीहरु कार्यरत रहेका छन्।

### २) *हेटौंडा क्षेत्रीय कार्यालय, मकवानपुरः*

- यस अन्तर्गत हाल मकवानपुर, चितवन, पर्सा, बारा, महोत्तरी, धनुषा, रौतहट र सर्लाही जिल्लाहरुका विभिन्न कार्यक्रमहरुको समन्वय र अन्य प्रशासनिक कार्य भईरहेको छ।
- यस क्षेत्रीय कार्यालय अर्न्तगत हाल रणनीति कार्ययोजना अन्तर्गतको सामुदायिक मेलमिलाप कार्यक्रम, बन्दी कानुनी सहायता कार्यक्रम सञ्चालनमा रहेको छ। यसको अलावा यस कार्यालय अर्न्तगत द एशिया फाउण्डेशनको सहयोगमा सञ्चालित मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण कार्यक्रम चितवनमा सञ्चालनमा रहेकोछ।
- हाल यस कार्यालयमा एक क्षेत्रीय संयोजक सहित, लेखापाल, कम्प्यूटर अपरेटर, कार्यालय सहायक सहितको प्रशासनिक समूह र अन्य परियोजना कर्मचारीको रुपमा विभिन्न परियोजना अन्तर्गत ६ जना गरी जम्मा १० जना कर्मचारी कार्यरत रहेका छन्।

### ३) *बुटवल क्षेत्रीय कार्यालय, रुपन्देहीः*

- यस अन्तर्गत हाल रुपन्देही, पाल्पा, कपिलवस्तु तथा नवलपरासी जिल्लाहरुका विभिन्न कार्यक्रमहरुको समन्वय र अन्य प्रशासनिक कार्य भईरहेको छ।
- यस कार्यालय अर्न्तगत हाल रणनीति कार्ययोजना अन्तर्गतको सामुदायिक मेलमिलाप कार्यक्रम, बन्दी कानुनी सहायता कार्यक्रम सञ्चालनमा रहेको छ। यसको अलावा यस कार्यालय अर्न्तगत द एशिया फाउण्डेशनको सहयोगमा सञ्चालित सामुदायिक मेलमिलाप कार्यक्रम विगत ५ वर्ष देखि नवलपरासी जिल्लामा सञ्चालनमा रहेकोछ।
- हाल यस कार्यालयमा एक क्षेत्रीय संयोजक सहित, लेखापाल, कम्प्यूटर अपरेटर, कार्यालय सहायक सहितको प्रशासनिक समूह र अन्य परियोजना कर्मचारीको रुपमा विभिन्न परियोजना अन्तर्गत १० जना गरी जम्मा १४ जना कर्मचारी कार्यरत रहेका छन्।

### ४) *नेपालगञ्ज क्षेत्रीय कार्यालय, बाँकेः*

- यस अन्तर्गत हाल बाँके, बर्दिया, दाङ्ग, कैलाली, कञ्चनपुर र सुर्खेत जिल्लाहरुका विभिन्न कार्यक्रमहरुको समन्वय र अन्य प्रशासनिक कार्य भईरहेको छ।
- यस कार्यालय अर्न्तगत रणनीति कार्ययोजना अन्तर्गतको सामुदायिक मेलमिलाप कार्यक्रम, बन्दी कानुनी सहायता कार्यक्रम सञ्चालनमा रहेको छ। यसको अलावा द एशिया फाउण्डेशनको सहयोगमा सञ्चालित सामुदायिक मेलमिलाप कार्यक्रम विगत ५ वर्ष देखि

बाँके जिल्लामा सञ्चालनमा रहेको छ, भने यूएनडीपीको सहयोगमा कैलाली, दाङ्ग र सुर्खेत जिल्लाहरुमा सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालनमा रहेका छन । साथै द एशिया फाउण्डेशनको सहयोगमा मानवबेचबिखन तथा ओसारपसार मुद्दाको सफल अभियोजनका लागि पीडित तथा साक्षीको सुरक्षा सवलिकरण कार्यक्रम पनि सञ्चालनमा रहेको छ ।

- हाल यस कार्यालयमा एक क्षेत्रीय संयोजक सहित, लेखापाल, कम्प्यूटर अपरेटर, कार्यालय सहायक सहितको प्रशासनिक समूह र अन्य परियोजना कर्मचारीको रुपमा विभिन्न परियोजना अन्तर्गत हाल २३ जना गरी जम्मा २७ जना कर्मचारी कार्यरत रहेका छन् ।

## ५. भावी कार्यक्रमहरू :

संस्थाले आर्थिक वर्ष २०६६/०६७ सालमा निम्न अनुसार कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोछ ।

क) संस्थाको रणनीतिक योजना अनुसार बालन्यायसम्बन्धी अनुसन्धान Basline Survey गरी प्रतिवेदन तयार गर्ने ।

ख) सामुदायिक मेलमिलाप कार्यक्रमलाई निरन्तररूपमा सञ्चालन गरी विवादको शान्तिपूर्ण निरोपणमा थप सहयोगी भुमिका निर्वाह गर्ने र UNDP तथा रणनीतिक कार्ययोजना अनुसार अन्य जिल्ला तथा गाविसहरुमा थप कार्यक्रम सञ्चालन गर्ने ।

ग) नियमितरूपमा मानवबेचबिखन विरुद्ध र महिला सशक्तिकरण कार्यक्रमहरु र सञ्चालन हुँदै आएका अन्य चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

घ) संविधानसभा र संविधान निर्माण प्रक्रियाका सम्बन्धमा विभिन्न कार्यक्रमहरु समेतका लागि अन्य विभिन्न संघसंस्थाहरुसँगको सहकार्यलाई सम्भव भएसम्म निरन्तरता दिने ।

ङ) बन्दी कानुनी सहायता कार्यक्रमलाई सेलर्ड रणनीतिक कार्ययोजना लागू हुने वित्तिकै सुरु गरेको छ र सो निरन्तररुपमा अब उप्रान्त कार्ययोजनाको अवधि भर ५ वर्षसम्म सञ्चालन हुनेछ ।

च) कानुनी उच्चशिक्षा हासिल गर्न चाहने दलित, पिछडिएका र जनजातिहरुको लागि कम्तीमा दुईजनालाई पूर्ण छात्रवृति दिई कानुनी शिक्षा हासिल गर्न सहयोग गर्ने ।

**अन्जन कुमार दाहाल**
**सचिव**

# १०. आर्थिक वर्ष २०६५/६६ को संक्षिप्त आर्थिक विवरण :

मिति: २०६६/०६/२८

**कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**

## वासलात

**२०६६ असार ३१ गते सम्म**

| विवरण | अनुसूची नं. | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **पूँजी तथा दायित्व** | | | |
| जगेडा पूँजी | १ | १३,७०,८३९.६६ | १०,८५,१६०.२७ |
| विउँ पूँजी (Endowment Fund) | २ | ६६०,५४१.२१ | ०.०० |
| **जम्मा** | | **२०,३१,३८०.८७** | **१०,८५,१६०.२७** |
| **सम्पत्तिहरु** | | | |
| स्थीर सम्पत्तिहरु | ३ | २२,५१,१९३.४० | ८,०७,२५६.१५ |
| **चालु सम्पत्तिहरु, ऋणहरु र पेश्कीहरु** | | | |
| प्राप्त हुन बाँकीहरु, पेश्कीहरु र धरौटीहरु | ४ | २३,२९,३०३.८० | ९,८०,३१९.६३ |
| नगद र बैक मौज्दातहरु | ५ | २,४७,२४,४००.१९ | ५७,८९,३१६.३२ |
| | | २,७०,५३,७०३.९९ | ६७,६९,६३५.९५ |
| **कट्टी: चालु दायित्वहरु र अन्य व्यवस्थाहरु** | | | |
| सीमित गरिएको जगेडा पूँजीहरु (Restricted Fund Balances) | ६ | २,६३,०३,७४१.२९ | ६०,५७,८७३.६२ |
| अन्य दायित्व | | | |
| **खुद चालु सम्पत्तिहरु** | ७ | ९,६९,७७५.२३ | ४,३३,८५८.२१ |
| | | (२,१९,८१२.५३) | २,७७,९०४.१२ |
| **जम्मा** | | **२०,३१,३८०.८७** | **१०,८५,१६०.२७** |

काठमाडौ
मिति : १८ असोज २०६६

**(पवन जैन)**
एजेजे एण्ड एसोसियटस्
चार्टर्ड एकाउण्टेन्टस्

**गिता पाठक (संगौला)**
अध्यक्ष

**जय बिष्ट**
वित्तिय व्यवस्थापक

**राममणी गौतम**
कोषाध्यक्ष

**कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**

## नाफा नोक्सान हिसाब

**२०६६ असार ३१ गते सम्म**

| विवरण | अनुसूची नं. | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| परियोजना संचालन अनुदान (Grant for Action Program) | ८ | ४,०९,०१,८०२.५८ | ४,३६,१४,३६०.७६ |
| सदस्यता आम्दानी | - | ७१,०००.०० | १,०८,०००.०० |
| अन्य आम्दानी (प्रकाशनहरु बिक्रि, सदस्यहरुद्वारा प्राप्त अनुदानहरु) | ९ | १०,७१,५५६.८० | १३,५८,९३३.३४ |
| **कुल आम्दानी** | | **४,२०,४४,३५९.३८** | **४,५०,८१,२९४.१०** |
| खर्चहरु | | ४,१५,२६,८७६.०३ | ४,४६,५५,९४०.६१ |
| ह्रास खर्च | १० | २,३१,८०३.९६ | १५,७५३.६५ |
| **संचालन जगेडा** (Operating Surplus) | | २,८५,६७९.३९ | ४,०९,५९९.८४ |
| **बाँकी वासलातमा सारेको** | | २,८५,६७९.३९ | ४,०९,५९९.८४ |

काठमाडौ
मिति : १८ असोज २०६६

**(पवन जैन)**
एजेजे एण्ड एसोसियटस्
चार्टर्ड एकाउण्टेन्टस्

| **गिता पाठक (संगौला)** | **जय बिष्ट** | **राममणी गौतम** |
|---|---|---|
| अध्यक्ष | वित्तिय व्यवस्थापक | कोषाध्यक्ष |

अनुसुचि : ३

**कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)**

# स्थीर सम्पतिहरुको विवरण

**२०६६ असार ३१ गते सम्म**

**स्थीर सम्पत्तिहरु**

| विवरण | ह्रास दर | ह्रास योग्य कुल सम्पत्ति | | | ह्रास कट्टी | | | मौज्दात २०६६/३/३१ | मौज्दात २०६५/३/३१ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | शुरु मौज्दात | यस वर्ष थप | जम्मा | शुरु मौज्दात | यस वर्ष थप | जम्मा | | |
| **खरिद/अनुदान** | | | | | | | | | |
| फनिर्चर तथा फिक्चरर्स | २५% | ५,३६,००९.४० | २६,२००.०० | ५,६२,२०९.४० | ३,७३,७४८.३२ | ४२,७४८.६० | ४,१६,४९६.९२ | १,४५,७१२.४८ | १,६२,२६१.०८ |
| अफिस इक्वीपमेन्ट | २५% | १,८०,७२३.४० | १५,२००.०० | १,९५,९२३.४० | १,३१,८५७.२० | १३,४८३.२२ | १,४५,३४०.४२ | ५०,५८२.९८ | ४८,८६६.२० |
| कम्प्युटरर्स | २५% | ११,१९,८४५.२० | २,२८,६००.०० | १३,४८,४४५.२० | ८,९५,११०.७५ | ७५,२३३.६१ | ९,७०,३४४.३६ | ३,७८,१००.८४ | २,२४,७३४.४५ |
| सवारी साधन | २०% | ९,०००.०० | १४,९८,०००.०० | १५,०७,०००.०० | ६,६४०.७० | १,००,३३८.५३ | १,०६,९७९.२३ | १४,००,०२०.७७ | २,३५९.३० |
| **जम्मा** | | **१८,४५,५७८.००** | **१७,६८,०००.००** | **३६,१३,५७८.००** | **१४,०७,३५६.९७** | **२,३१,८०३.९६** | **१६,३९,१६०.९३** | **१९,७४,४१७.०७** | **४,३८,२२१.०३** |
| **परियोजनामा प्राप्त** | | | | | | | | | |
| फनिर्चर तथा फिक्चरर्स | २५% | १,३४,३५७.०० | ०.०० | १,३४,३५७.०० | ८२,३९८.६४ | १२,९८९.५९ | ९५,३८८.२३ | ३८,९६८.७७ | ५१,९५८.३६ |
| अफिस इक्वीपमेन्ट | २५% | ८,०५,४११.०० | ०.०० | ८,०५,४११.०० | ६,२९,०८२.९४ | ४४,०८२.०२ | ६,७३,१६४.९६ | १,३२,२४६.०४ | १,७६,३२८.०६ |
| कम्प्युटरर्स | २५% | ७,८७,३००.०० | ०.०० | ७,८७,३००.०० | ६,४६,५५१.३० | ३५,१८७.१८ | ६,८१,७३८.४८ | १,०५,५६१.५२ | १,४०,७४८.७० |
| सवारी साधन | २०% | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **जम्मा** | | **१७,२७,०६८.००** | **०.००** | **१७,२७,०६८.००** | **१३,५८,०३२.८८** | **९२,२५८.७९** | **१४,५०,२९१.६७** | **२,७६,७७६.३३** | **३,६९,०३५.१२** |
| **यस वर्षको जम्मा** | | **३५,७२,६४६.००** | **१७,६८,०००.००** | **५३,४०,६४६.००** | **२७,६५,३८९.८५** | **३,२४,०६२.७५** | **३०,८९,४५२.६०** | **२२,५१,१९३.४०** | **८,०७,२५६.१५** |
| **गत वर्षको जम्मा** | | **३३,८०,५४२.१०** | **१,९२,१०३.९०** | **३५,७२,६४६.००** | **२४,९६,५०१.०६** | **२,६८,८८८.७९** | **२७,६५,३८९.८५** | **८,०७,२५६.१५** | **८,८४,०४१.०४** |